# विरुवा गाउँपालिका

## आ.व. ०७४/७५ को वार्षिक योजना

गाउँ सभाबाट पारित मितिः २०७४/०३/३०

विरुवा गाउँपालिका
स्याङ्‌जा जिल्ला
४ नं. प्रदेश
नेपाल

## विषय सूची


वार्षिक नीति तथा कार्यक्रम ........ 2

बजेट बक्तव्य........ 7

गाउँ सभाका निर्णयहरूः........ 12

अनुसूची – १: कूल बजेट म्याट्रिक्स ........ 13

अनुसूची – २: आगामी आ.व. का लागि करका दरहरू........ 14

अनुसूची - ३ : सिफारिस दस्तुर........ 25

अनुसूची- ४: आन्तरिक श्रोत प्रक्षेपण........ 28

अनुसूची - ५ : चालू खर्च अनुमान........ 29

अनुसूची - ६ : वडास्तरीय योजना तथा कार्यक्रमहरू........ 31

वडा नं. १ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 31

वडा नं. २ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 32

वडा नं. ३ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 33

वडा नं. ४ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 33

वडा नं. ५ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 34

वडा नं. ६ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 35

वडा नं. ७ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 36

वडा नं. ८ बाट श्रोत सुनिश्चितता अन्तर्गत छनौट भई आएका योजना तथा कार्यक्रमहरू ........ 37

अनुसूची - ७: थप योजना तथा कार्यक्रमहरू........ 39

अनुसूची- ८: प्रदेश तथा केन्द्रमा सिफारिस गरी पठाउने योजनाहरू ........ 41

बिरुवा गाउँपालिका १ नं. वडा........ 41

बिरुवा गाउँपालिका २ नं. वडा........ 42

विरुवा गाउँपालिका ३ नं. वडा........ 42

बिरुवा गाउँपालिका ४ नं. वडा........ 43

बिरुवा गाउँपालिका ५ नं. वडा........ 43

बिरुवा गाउँपालिका ६ नं. वडा........ 43

बिरुवा गाउँपालिका ७ नं. वडा........ 44

बिरुवा गाउँपालिका ८ नं. वडा........ 45

अनुसूची- ९ : सशर्त अनुदान तर्फका योजना तथा कार्यक्रमहरू ........ 47

# वार्षिक नीति तथा कार्यक्रम

**विरुवा गाउँपालिकाको पहिलो गाउँसभा मितिः २०७३/०३/३० गते गाउँपालिकाका अध्यक्ष श्री चुनप्रसाद शर्माज्यूले प्रस्तुत गर्नु भएको आगामी आ.व. ०७४/७५ को वार्षिक नीति तथा कार्यक्रम**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था बहुलवाद, सामाजिक न्याय सहितको समानुपातिक समावेशी प्रतिनिधीमूलक शासन व्यवस्था, जनताको मौलिक हकको ग्यारेन्टी, नागरिक स्वतन्त्रता, धर्मनिरपेक्षता, आर्थिक सम्वृद्धि, समानता, सामाजिक न्याय एवं सवै प्रकारका भेदभावको अन्त्यको निम्ति सात दशक देखि नेपाली जनताले पटक पटक गर्दै आएको एतिहासिक जनआन्दोलनमा ज्यान गुमाउनु भएका ज्ञात अज्ञात शहिदहरुप्रति हार्दिक श्रदाञ्जली अर्पण र उच्च सम्मान व्यक्त गर्दछु । यसका अतिरीक्त भर्खरै सम्पन्न विरुवा गाउँपालिकाको स्थानीय तह निर्वाचनका क्रममा चुनावी सभाको कार्यक्रममा सहभागी हुन जाँदै गर्दा जीप दुर्घटनामा परी विरुवा गाउँपालिका वडा नं. ४ ओरष्टे, बाहुँ निवासी वर्ष ३३ का बेल वहादुर थापाले ज्यान गुमाउन पुग्न भएकोमा उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवार जनमा समवेदना प्रकट गर्दछु । साथै घाईतेहरुको पूर्ण स्वास्थ्य लाभको कामना गर्दछु ।

२. विगत १५ वर्ष देखि जनप्रतिनिधी विहीन रहेको स्थानीय निकायलाई नेपालको संविधानको भावना अनुरुप संघीय संरचनामा रुपान्तरित गर्दै यहि २०७४ वैशाख ३१ गते सम्पन्न स्थानीय तहको निर्वाचनमा विरुवा गाउँपालिकावासी मतदाताहरुले आफ्नो अमूल्य मतदान गरी हामी लाई विजयी गराउनु भएको छ । यसका लागि म उहाँहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै हार्दिक धन्यवाद दिन चाहन्छु ।

३. इतिहास मै पहिलोपटक केन्द्रीकृत शासन प्रणालीको व्यवस्थालाई परित्याग गर्दै संघीय शासन प्रणालीमा प्रवेश गर्ने दिशातर्फ हामी अघि बढिरहेका छौं । हाम्रो लागि यो संघीय शासन प्रणाली अत्यन्त नयाँ पनि छ । तर यसलाई सफलताका साथ कार्यान्वयन गर्न सक्यौं भने वास्तविक लोकतान्त्रिक गणतन्त्रको आधारशिलाको रुपमा स्थापित गर्दै आफ्नो गाउँ आफै बनाउन सफल हुनेछौं । जसको कारण सकारात्मक परिवर्तनको दिशामा अघि वढ्दै सुखी विरुवावासी समृद्ध विरुवा निर्माण गर्न सफल हुने विश्वास गर्दछौं । यसका लागि विरुवा गाउँपालिका भित्र रहेका सबै राजनीतिक दल, वौद्धिक व्यक्तित्व व्यवसायी संघ संस्थाहरु र आम जनसमुदायको तर्फबाट निरन्तर सहयोगको लागि अपिल गर्दछौं ।

४. विरुवा गाउँपालिकाको समग्र उन्नति र प्रगतिको लागि आगामी आ.व. ०७४।०७५ का लागि प्रस्तावित नीति र कार्यक्रम देहाय अनुसार प्रस्ताव गर्दछु ।

**<u>आर्थिक विकास</u>**

५. सरकारी, सहकारी र निजी ३ खम्बे आर्थिक नीति अवलम्वन गरिनेछ । ग्रामिण क्षेत्रको विकासको मेरुदण्ड कृषि नै रहेको हुँदा कृषि उत्पादन वृद्धि गर्नका लागि विशेष कार्यक्रम संचालन गरिनेछ । वीउ उत्पादन क्षेत्र घोषण गरी वीउ उत्पादन कार्य शुरु गरिनेछ ।

६. भू उपयोगको नीतिको आधारमा कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गर्दै प्रमुख बालीहरुको उत्पादनामा आत्मनिर्भर गराउन आर्थिक र सामाजिक रुपले पछि परेका कृषक केन्द्रीत कार्यक्रम संचालन गर्न सम्वन्धित निकाय र कृषकको सम्वन्ध जोडेर कृषिमा आत्मनिर्भर गराउने नीति लिइनेछ ।

७. जमिनलाई वाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै कृषि भूमिमा पानी सिचाईँमा लगानीको नीति अनुरुप कार्य गरिनेछ । उन्नत मल विउ र औजारमा अनुदानको नीति लिइनेछ । किसानबाट उत्पादित वस्तुको वजार व्यवस्थापन गर्नका लागि ८ वटै वडाहरूलाई क्रियाशिल गराईनेछ ।

८. सहकारी क्षेत्रलाई **आर्थिक समृद्धि जनताको जीवनस्तरमा वृद्धि** कृषिको व्यवसायीकरण र रोजगारी अभिवृद्धिको माध्यमका रुपमा अगाडी वढाइनेछ ।

९. स्थानीय उद्योगी, व्यापारी, निर्माण व्यवसायीहरुको समन्वयमा विरुवा उद्योग वाणिज्य संघ इकाई गठन गरी स्वरोजगार कार्यक्रममा जोड दिँदै युवा जनशत्तिलाई स्थानीय क्षेत्रमा नै काम गर्ने वातावरण सिर्जना गर्ने नीति लिइनेछ । परम्परागत रुपमा संचालन गर्दै आईरहेका घरेलु उद्योगहरुलाई व्यवसायिक रुपमा संचालन गर्न प्रोत्साहन गरिनेछ ।

१०. विरुवा गाउँपालिकालाई आत्म निर्भर बनाउनु तपाईँ हाम्रो सबैको कर्तब्य हो । कानुनको अधिनमा रही एकीकृत सम्पत्ति कर, घरबहाल कर, व्यवसाय कर, सवारी साधन कर, निर्माण सामाग्री कर, मनोरञ्जन कर, विज्ञापन कर आदि करहरूलाई कार्यान्वयनमा ल्याईनेछ ।

११. पर्यटन क्षेत्र राष्ट्रिय अर्थतन्त्रको मूल आधार वन्दै आएको सन्दर्भलाई मध्यनजर राख्दै विरुवा गाउँपालिका क्षेत्र भित्र रहेका ऐतिहासिक, धार्मिक, साँस्कृतिक सबै प्राकृतिक सौन्दर्य युक्त स्थानहरुको खोजी गर्ने, पहिचान गर्ने र प्राथमिकताको आधारमा पर्यटन उद्योगको विकास गर्दे लगिनेछ ।

## <u>सामाजिक विकास्</u>

१२. स्वस्थ शिक्षित र सभ्य नागरिक तयार गर्नु हामी सबैको दायित्व हो । गुणस्तरीय शिक्षा र स्वास्थ्यमा गाउँपालिकावासी सबैको पहुँच पुगोस भन्ने कुरामा ध्यान दिँदै सबै विद्यालयमा सूचना तथा संचार प्रविधिलाई अनिवार्य गर्ने, लाइब्रेरी स्थापना गर्ने, सामुदायिक विदयालयको शिक्षालाई गुणस्तरीय, प्रतिस्पर्धी बनाउन प्रभावकारी अनुगमन र प्रतिफलमुखी जवाफदेहिताको वातावरण सिर्जना गरिनेछ ।

१३. गाउँपालिकाको एक मात्र क्याम्पसः विरुवा वहुमुखी क्याम्पसको भौतिक पूर्वाधार निर्माणको लागि आवश्यक योजना तयार गरी अघि वढाईने छ ।

१४. स्वास्थ्य सबैभन्दा ठूलो सम्पत्ति हो । स्तरीय स्वास्थ्य सेवा पाउनु प्रत्येक नागरीकको नैसर्गिक अधिकार होः संविधान प्रदत मौलिक हक पनि हो । यसैलाई मध्येनजर गर्दै गाउँपालिका केन्द्रमा २५ शैयाको एक आधुनिक अस्पताल र प्रत्येक वडामा कम्तिमा एउटा स्वास्थ्य चौकी स्थापना गर्ने नीती लिइनेछ ।

१५. सुरक्षित मातृत्व कार्यक्रमलाई सफल बनाउदै शिशु मृत्युदर न्यून गर्न स्वास्थ्य संस्थामा सुत्केरी गराउन प्रोत्साहन गरिनेछ । उपचारात्मक कार्य भन्दा निवारक र प्रवर्धनात्मक कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१६. हाम्रो परिकल्पना समद्ध विरुवा गाउँपालिका हुनेछ । व्यवस्थित र समृद्ध गाउँ निमार्णमा सेवाक्षेत्र भित्रका आर्थिक सामर्थ्यको पहिचान र परिचालनमा विशेष जोड दिँदै समाजमा पछि परेका वर्ग समुदायहरुलाई माथि उठाउने कार्यक्रम संचालनको नीति लिईनेछ । हरेक वडामा भौगोलिक अवस्थाको अध्ययन गरी एक नमूना वस्तीको परिकल्पना गरी वडा समितिले कार्य गर्नुपर्ने योजना बनाईने छ ।

१७. विरुवा गाउँपालिकाको पार्श्व चित्र Village Profile र स्रोत नक्शाङ्कन तयार गरी ६ महिना भित्र गुरुयोजना तयार गरिनेछ । जसमा अल्पकालिन, मध्यकालिन र दीर्घकालिन गरी आवधिक योजना निर्माण गरी कार्यान्वयन गरिने छ ।

१८. स्वच्छ खानेपानी पाउनु प्रत्येक नागरिकको हक हुनेछ । सोही अनुसार व्यवस्थापकीय जिम्मेवारी गाउँपालिकाको सम्झी स्थानीय स्तरमा भएका पानी मुलको खोज गर्ने, संरक्षण गर्ने र **एक घर एक धारा**, एक घर एक शौचालयको नीति लिई सोही अनुरुप कार्य गरिनेछ ।

१९. हरेक टोलमा टोल विकास समिति गठन गरी टोल विकास, वातावरणीय सरसफाई, सामाजिक समावेशीकरण लगायत विविध कार्यमा सक्रिय बनाउने नीति लिईनेछ । साथै विकास निर्माण कार्यक्रमलाई द्रुत गतिमा अघि बढाउन साझेदारी कार्यक्रम संचालन गरिनेछ ।

२०. खेलप्रमी युवाहरुलाई **सक्षम खेलाडी, प्रतिस्पर्धी खेलकूद द्वारा** शारीरिक, मानसिक र सामाजिक रुपमा तन्द्रुस्त राख्न, सामुहिक भावनाको विकास गर्न र अनुशासित जीवनको विकास गर्ने उद्देश्य राखी खेलप्रेमीले भागलिन सक्ने गरी रङ्गशाला, खेल मैदान र पार्कहरु निर्माण गर्दै लग्ने नीति लिईनेछ। भलिवल खेललाई राष्ट्रिय खेलको रुपमा अघि बढाईएको हुँदा उक्त खेललाई प्रोत्साहन गर्नका लागि एक टोल, एक भलिवल खेल मैदान निर्माण गर्ने नीति लिइनेछ। सामाजिक रुपान्तरणको आन्दोलनका प्रमुख व्यक्तित्वहरु पुष्पलाल श्रेष्ठ र मदन भण्डारी को स्मृतिमा स्थपना गरिएको यसै गाउपालिका वाड नं ८ मेथाभुरुङ स्थित २५ रोपनी क्षेत्रफलमा पुष्पमदन खेल मैदानलाई प्राथमिकतामा राखी अन्तर राष्ट्रिय खेलहरु संचालन गर्न सक्ने गरी रंगशाला निर्माणको लागि कार्यक्रम अघि बढाईनेछ।

२१. सवै जाती, भाषा , धर्म, संस्कृतिको संरक्षण र सम्बर्धन गर्दै धार्मिक सहिष्णुतालाई बलियो बनाउँदै आ आफ्नो पहिचान कायम राख्न सहयोग गरिनेछ।

२२. लैंगिक समानता र सामाजिक समावेशीकरणलाई ध्यानमा राख्दै समतामूलक समाजको निर्माण गर्ने, समाजमा रहेका सबै प्रकारका विभेदहरुलाई अन्त्य गर्ने नीति लिईनेछ।

२३. जेष्ठ नागरिक हामी सवैका प्रेरणाका श्रोत हुन्। उहाँहरुको मान मर्यादा र सम्मान गर्नु हामी सबैको कर्तव्य हो। उपयुक्त स्थानहरुमा जेष्ठ नागरिक आवास गृह, पार्क, वाचनालय आदि निर्माण गरी उहाँहरुलाई विश्राम, मनोरञ्जन र निःशुल्क आवासको सुविधा उपलब्ध गराउने नीति लिईनेछ।

२४. महिला शशक्तिकरण एवं महिला सहभागितामा वृद्धि गर्ने कार्यक्रमहरु संचालनमा विशेष जोड दिईनेछ।

## पूर्वाधार विकास

२५. महाविनाशकारी भूकम्पबाट कतिपय नागरिकहरुको घरहरु क्षति हुन पुगेका छन्। तिनको पुनर्निमाणको काम बाँकी नै छ। पुनर्निर्माण प्राधिकरणसँग समन्वय गरी भुकम्पबाट प्रभावित परिवारलाई पुनः स्थापित गरिने छ। स्थानीय स्तरमा विपद् व्यवस्थापन कोष खडा गरी भविष्यमा हुन सक्ने भवितब्यलाई ब्यवस्थापन गर्ने नीति लिईनेछ।

२६. स्थानीय तहको सडकको मापदण्ड तय गरी गाउँपालिका भित्रका सबै टोल बस्तीमा सडक संजाल निर्माण गर्न विशेष जोड दिईनेछ। प्रदेश र स्थानीय तहसम्म आउने जाने मुख्य सडक हरुलाई कालोपत्रे गर्दै लगिनेछ।

२७. राष्ट्रिय गौरबको रुपमा रहेको ज्याग्दी खोला करीडोर विरुवा गाउँपालिका भएर गएको विदितै छ। यसलाई आबश्यक वजेट सहित समयमा नै सम्पन्न गर्न केन्द्रमा विशेष पहल गरिनेछ। ज्याग्दी खोला करीडोरसंग जोडिएका मुख्य सडकहरु समेतलाई केन्द्रीय योजनामा समावेश गर्न सम्बन्धित निकायमा पहल गर्ने नीति लिईनेछ। सबै वडाहरुवाट गाउँपालिका केन्द्रसम्म नजोडिएका सडकहरुलाई यसै वर्ष जोड्ने र जोडिएका सडकहरुको स्तरोन्नती गर्दै लग्ने नीति लिईनेछ। बास्तरा खोला- राउसेघाट पक्कीपुल, म्याङखोला- आम्बोट पक्कीपुल र स्याङदी खोला, गैरीबाट मोटर पुल चिन्नेवास पक्की पुल निर्माणको लागि विशेष पहल गरिनेछ।

२८. **कृषि भूमिमा पानी सिंचाईमा लगानी** भन्ने अवधारणा अनुरुप गाउँपालिका भित्रका खेतीयोग्य जमिनहरुमा सिचाईको प्रबन्ध मिलाउने नीति लिईनेछ।

२९. **दीगो र पर्यावरण मैत्री विकास, हरियाली युक्त बस्ती र सुरक्षित आवास भन्ने कार्यक्रम**लाई आत्मसाथ गर्दै गाउँपालिका सदरमुकाम लगायत सबै वडामा रहेका आवासयोग्य स्थानहरुमा एकीकृत वस्ती विकासको कार्यक्रमलाई अघि बढाउँदै साना शहरको रुपमा विकास गर्ने नीति लिईनेछ। यसरी वस्ती विकास गर्दै गर्दा जैविक विविधताको संरक्षण, जलवायु प्रणालीलाई सन्तुलित र प्राकृतिक स्रोतहरुको दीगो व्यवस्थापनका लागि स्थानीय समुदायलाई परिचालित गरिनेछ।

३०. भूकम्प सुरक्षित आवास निर्माण गर्नका लागि स्थानीय कालिगढहरुलाई तालिमको ब्यबस्था मिलाउनुका साथै घर निर्माण गर्नुपूर्व नक्सा पास गरी गाउँपालिकाबाट स्वीकृत गर्नुपर्ने ब्यवस्था गरिनेछ ।

३१. स्थानीय ज्याग्दीखोलामा बग्ने पानीको स्थायी बहाबको अध्ययन गरिनेछ । संभाब्यताका आधारमा भविष्यमा घरघरमा विजुली जनजनमा शेयरको नीति अनुरुप जनताको साझेदारीमा विद्यूत उत्पादन गर्ने कार्यक्रमलाई अघि बढाईनेछ ।

३२. गाउँपालिका भित्रका सबै बस्तीहरुमा सूचना तथा संचार र प्रविधिको पहुँच पु-याउन आबश्यक प्रबन्ध मिलाउनु साथै सामुदायिक रेडियो संचालनका लागि पहल गरिनेछ । जसमा स्थानीय ब्यापारी उद्योगी र जनताको संयुक्त लगानीलाई प्रथामिकता दिईनेछ ।

३३. विरुवा गाउँपालिका भित्रका अधिकांश घरधुरीमा सामुदायिक ग्रामीण विधुत उपभोक्ता समितिद्वारा विद्यूतीकरण भएको छ । यसलाई एकीकृत गरी एउटै समिति मातहात  लाने प्रयास गरिनेछ । भरपर्दो र विश्वसनीय सेवा उपलब्ध गराउन आवश्यक व्वस्थापकीय एवम् प्राविधिक पक्षमा सुधार गरिनेछ । काठका पोलहरू विस्थापित गरी क्रमशः स्टील पोलहरू राख्ने नीति लिइनेछ ।

**<u>वातावरण तथा विपद् व्यवस्थापनः</u>**

३४. महत्वपूर्ण वनस्पति, जडीबुटी र अन्य पैदावर विस्तारमा जोड दिइनेछ । वनलाई वातावरण एवम् जलवायु मैत्री पूर्वाधारको रुपमा अगाडी वढाउँदै वन संरक्षणको नीति लिइनेछ । गाउँपालिका क्षेत्रभित्र रहेका सीमसार र जलाधार क्षेत्रको संरक्षण गर्ने, वगैंचा, वृक्षारोपण, हरियाली प्रवर्धन र सार्वजनिक सौन्दर्य अभिवृद्धि हुने कार्यक्रम संचालन गरिनेछ ।

३५. स्थानीय नदी, खोला, पोखरी, ताल तलैया, धार्मिक स्थल, खानेपानीको मुहान, खुला क्षेत्र, सडक, टोल वा अन्य सार्वजनिक क्षेत्रहरुमा सफाई सुनिश्चित गरिनेछ । जलउत्पन्न प्रकोप नियन्त्रण गर्नका लागि आवश्यक कार्यहरू थालनी गरिनेछ ।

३६. प्राकृतिक विपद् बाट हुने भौतिक तथा मानवीय क्षति न्यूनीकरण गर्न आवश्यक कार्यहरू गरिनेछ ।

**<u>संस्थागत विकास, सेवा प्रवाह र सुशासन</u>**

३७. यस गाउँपालिका तहमा आधुनिक र साधनश्रोत सम्पन्न सूचना तथा अभिलेख केन्द्र स्थापना गरिनेछ । स्थानीय तहका सबै सूचनाहरू अनलाइन मार्फत् राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रवाहित गरी ग्रामिण पर्यटन विकासमा सहयोग पु-याउनेछ । यो कार्यक्रमलाई वडा तहसम्म विस्तार गरिनेछ । सबै विद्यालय, प्रशासनिक भवन, सभा भवन, स्वास्थ्य चौकी, सुरक्षा निकाय र सेवाकेन्द्रहरूमा निःशुल्क इन्टरनेट सेवा उपलब्ध गराउने नीति लिईनेछ ।

३८. पारदर्शिता, जवाफदेहिता, जनमुखी र मुस्कान सहितको सार्वजनिक सेवा प्रवाहका निम्ति कर्मचारी व्यवस्थापन एवम् क्षमता अभिबृद्धिमा विशेष जोड दिईनेछ ।

३९. गाउँपालिका भित्र रहेका सबै सरकारी तथा गैरसरकारी संघ-संस्थाहरूको तथ्याङ्क संकलन गरी तिनको क्षमता अभिबृद्धि गर्नका लागि अभिमुखीकरण कार्यक्रम संचालन गर्ने र सामाजिक विकास कार्यमा लाग्न प्रोत्साहन गरिनेछ ।

४०. संविधानमा व्यवस्था भए बमोजिम गाउँपालिकाका निर्वाचित उपाध्यक्षको संयोजकत्वमा न्यायीक समिति गठन गरिनेछ । न्यायिक समितिद्वारा गरीव, असहाय तथा पिछडिएका समुदायका व्यक्तिहरूको न्यायमा सहज पहूँच पु-याउन निःशुल्क कानूनी परामर्श तथा सहयोगको व्यवस्था गरिनेछ । समाजमा अनावश्यक रुपमा मुद्दा मामिला गर्ने प्रवृत्तिलाई निरुत्साहन गरिनेछ ।

४१. स्थानीय तहको प्रशासनिक संरचना, न्यूनतम दरबन्दी संख्या र कर्मचारी समायोजन सम्बन्धी नीतिगत व्यवस्था गरी १ महिना भित्र समायोजनको प्रकृया पूरा गरिने छ ।

४२. राष्ट्रिय एकता र भौगोलिक अखण्डतामा आँच पु-याउन सक्ने कुनैपनि विभाजनकारी र विखण्डनकारी क्रियाकलापलाई कानूनको दायरामा ल्याईनेछ । जनतामा देशभक्ति र राष्ट्रिय हीतको चेतना फैलाउँदै राष्ट्रिय स्वाधिनता र स्वाभिमानको रक्षा गरिनेछ ।

४३. अन्तमा, आ.व. २०७४/७५ का लागि यस विरुवा गाउँपालिकाको तर्फबाट पेश गरिएको नीति तथा कार्यक्रम माथि छलफल गरी केही अपूर्ण भएको भए महत्वपूर्ण सुझाव सहित पारित गरिदिनुहुन अनुरोध गर्दछु ।

धन्यवाद । जय विरुवा गाउँपालिका ।

<u>प्रस्तुतकर्ताः</u>
चुनप्रसाद शर्मा
अध्यक्ष
विरुवा गाउँपालिका स्याङ्जा ।

# बजेट बक्तव्य

विरुवा गाउँपालिकाका उपाध्यक्ष श्री देवीकूमारी थापा ज्यूले २०७४/०३/३० गते गाउँपालिकाको प्रथम गाउँ सभामा दिनुभएको बजेट बक्तव्य

यस सभाका अध्यक्ष ज्यू,
सभाका सदस्यज्यूहरू,
गाउँ कार्यपालिकाको कार्यालयका कार्यकारी अधिकृत लगायत अन्य राष्ट्रसेवक कर्मचारी मित्रहरू ।

यस विरुवा गाउँपालिकाको पहिलो गाउँ सभामा आगामी आर्थिक वर्ष ०७४/७५ को लागि बजेट प्रस्तुत गर्नु पाउँदा आफूलाई गौरवान्वित ठानेको छु । स्थानीय तहको निर्वाचन पश्चात यस गाउँपालिकाको गाउँ सभाका लागि निर्वाचित भई आउनु भएका तपाईँ सबै गाउँ सभाका सदस्यहरूलाई हार्दिक वधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछु ।
सर्वप्रथम त प्रजातन्त्र प्राप्ति तथा लोकतन्त्रको लागि भएका विभिन्न ऐतिहासिक जनआन्दोलनहरूमा ज्यानको आहुती दिने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरूप्रति हार्दिक श्रद्वान्जली व्यक्त गर्दछु । सहीदहरूको सपना पूरा गर्न तपाईँ हामी सबैलाई प्रेरणा मिलोस्, यहि कामना समेत गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

४ नं. प्रदेशमा अवस्थित यस विरूवा गाउँपालिका प्राकृतिक श्रोत साधनले भरिपूर्ण रहेको छ । उपलब्ध साधन श्रोतको प्रभावकारी रूपमा उपयोग गर्न सक्ने हो भने केहि वर्षहरूमा यस गाउँपालिकालाई एक समृद्द गाउँपालिका बनाउन सकिने प्रशस्त सम्भावनाहरु रहेका छन् । यसका लागि गाउँपालिका अन्तर्गत क्रियाशिल सम्पूर्ण राजनीतिक दल तथा आम सर्वसाधारण लगायत सबै सरोकारवालाहरूको ध्यान जान जरूरी रहेको कुरा यसै सभा मार्फत् अनुरोध गर्न चाहन्छु ।
लामो समयसम्म स्थानीय निकायहरु निर्वाचित जनप्रतिनिधीविहीन रहेको कुरा सबैमा विदितै छ । संविधानसभाबाट नेपालको संविधान जारी भै स्थानीय तहहरू स्थापना भए पश्चात सबैको ध्यान स्थानीय तहहरूमा केन्द्रीत भई रहेको छ । राज्यको ठूलो लगानी अव स्थानीय तहहरूमा विनियोजित भएको छ । जनअपेक्षा पनि ह्वात्तै बढेको छ । यस परिस्थितिमा गाउँ सभाका सदस्यज्यूहरू अझै बढी जिम्मेवार र संवेदनशिल हुन जरूरी भएको छ ।
स्थानीय तहहरू संधैभरी संघीय सरकारको अनुदान रकममा मात्र भर परेर सबै जनअपेक्षा र आवश्यकता बमोजिमको विकास निर्माण गर्न सकिदैन । यसका लागि आन्तरिक श्रोतहरूको अभिवृद्धि अपरिहार्य हुन आउँछ । जनताको करबाट जनताकै विकास निर्माणलाई अगाडि बढाउनु पर्ने हुन्छ । यसका लागि राजश्व संकलनका क्षेत्रहरू पहिचान गरी करका दायराहरूलाई समयसापेक्ष बढाउँदै लैजानु पर्ने जरूरी भएको छ । यसमा सबैको ध्यान जानेछ भन्ने मैले अपेक्षा गरेको छु ।

**अध्यक्ष महोदय,**

अव म चालू आर्थिक वर्षमा यस गाउँपालिका अन्तर्गत कार्यान्वियन भएका विकास निर्माणका योजना तथा कार्यक्रमहरूको संक्षिप्त विवेचना गर्न चाहन्छु । नेपाल सरकारको मिति २०७३ साल फाल्गूण २७ गतेको निर्णय अनुसार कार्यान्वियनमा आएको विरुवा गाउँपालिकाले तत्पश्चात यस क्षेत्र अन्तर्गतका साविकका गाउँ विकास समितिका कार्यान्वियन हुन बाँकी योजना तथा कार्यक्रमहरूलाई कार्यान्वियनमा ल्यायो । यसै वर्षको बैशाख ३१ गतेको स्थानीय तहको निर्वाचनसम्म सबैको ध्यान निर्वाचन तर्फनै केन्द्रीत रह्यो । सो अवधीसम्म अधिकाधिक योजना तथा कार्यक्रमहरू कार्यान्वियनमा आउन सकेका थिएनन् । तत्पश्चात वर्षा यामको शुरूवात संगै आर्थिक वर्षको अन्तिम समय समेत रहेकाले योजना तथा कार्यक्रमहरूलाई अपेक्षाकृत रूपमा कार्यान्वियनमा ल्याउन सकिएन । योजना तथा कार्यक्रमहरू अपेक्षाकृत रूपमा कार्यान्वियन हुन नसकेको कुरा यथार्थ हो । आउँदा दिनहरूमा यस्ता कमी कमजोरीहरूलाई न्यूनीकरण गर्दै अगाडि बढ्नुपर्ने अपरिहार्यता छ ।

मूलतः चालु आर्थिक वर्षको योजना कार्यान्वयनमा देहाय बमोजिमका व्यवधानहरू रहन गएः

- आर्थिक वर्षको अन्तिम महिनाहरूमा मात्र विकास निर्माणको काम शुरू हुनु,
- गाउँ कार्यपालिकाको कार्यालयमा दरबन्दी बमोजिमका कर्मचारीहरूको पदपूर्ति नहुनु,
- प्राविधिक जनशक्तिको अभाव,
- कर्मचारीको अभावमा प्रभावकारी अनुगमन मूल्यांकन गर्न नसक्नु,
- आयोजना व्यवस्थापन प्रभावकारी बनाउने सम्बन्धमा उपभोक्ता समितिहरू संवेदनशील नहुन, आदि ।

आउँदा दिनहरूमा उल्लिखित बमोजिमका कमीकमजोरीहरूको न्यूनीकरण गर्दै प्रभावकारी रूपमा आयोजना तथा कार्यक्रमहरूको व्यवस्थापन गर्न जरूरी रहेको कुरा समेत यस गरिमामय सभामा पेश गर्न चाहन्छु ।

**अध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्षको लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा अपनाइएका मुख्य मुख्य विधिहरूको यहाँहरू समक्ष संक्षेपमा विवेचना गर्न चाहन्छु ।

नेपालको केन्द्रीकृत शासन व्यवस्थालाई संघीय शासन व्यवस्थामा रूपान्तरण गर्ने गरी नेपालको संविधान जारी भई लागू भएको हामीहरू सबैलाई विदितै छ । सोही शिलशिलामा स्थानीय तहहरूको निर्वाचन सम्पन्न भई सिंहदरबारको अधिकार स्थानीय सरकारहरूमा हस्तान्तरण भईरहेको विद्यमान अवस्था छ । स्थानीय सरकारहरूको गठन पश्चात यहि आषाढ महिनाभित्र स्थानीय सरकारहरूले आगामी आर्थिक वर्षका लागि नीति, योजना तथा कार्यक्रमरू आ-आफ्नो सभाबाट पारित गराउनु पर्ने कानूनी व्यवस्था रहेको छ ।

आगामी आर्थिक वर्षका लागि वस्तीस्तरबाट योजना तथा कार्यक्रमहरू तयार भई वडा समितिहरूले ती योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी बजेट तथा कार्यक्रम तर्जूमा समितिमा पठाउने व्यवस्था मिलाइएको छ । सो कार्य पूर्व गाउँपालिकाले संघीय सरकारबाट यस गाउँपालिकालाई आगामी आ.व. को लागि सिलिङ उपलब्ध गराएको थियो । उपाध्यक्षको संयोजकत्वमा रहेको राजश्व परामर्श समितिबाट करका दरहरू सहित आगामी आर्थिक वर्षका लागि आन्तरिक आयको प्रक्षेपण भएको छ । श्रोत अनुमान समितिको आन्तरिक आय प्रक्षेपण तथा संघीय सरकारबाट प्राप्त बजेट सिलिङको दायरामा रही गाउँपालिकाका अध्यक्षको संयोजकत्वमा रहेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले आगामी आर्थिक वर्षका लागि कूल सिलिङ निर्धारण गरेको छ । गाउँ कार्यपालिकामा बजेट निर्माणका लागि विभिन्न विषयगत समितिहरू तथा विषयगत क्षेत्र समूहहरूको गठन गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरि पठाएका योजनाहरूलाई कार्यपालिका अन्तर्गतका विभिन्न समितिहरू तथा समूहरूमा छलफल गरी गाउँकार्यपालिकाको बैठकबाट आगामी आर्थिक वर्षको लागि बजेट तर्जूमा गरी कार्यपालिकाको बैठकबाट पारित भई छलफलका लागि आजको यस सभामा पेश गरिएको छ ।

**अध्यक्ष महोदय,**

अव म आगामी आर्थिक वर्षका लागि योजना तथा कार्यक्रमहरूको तर्जूमा गर्दा लिइएका आधारहरूलाई यस सभा समक्ष पेश गर्न चाहन्छु । आगामी आर्थिक वर्ष २०७४/७५ को योजना तथा कार्यक्रमहरू तयार गर्दा निम्नानुसार बमोजिमका आधारहरू लिइएको छ ।

- नेपालको संविधान
- चालू त्रिवर्षीय योजना
- नेपाल सरकारले विभिन्न समयमा गरेका निर्णयहरू
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय र अर्थ मन्त्रालयले बजेट तर्जूमा सम्बन्धमा जारी गरेका निर्देशिकाहरू तथा निर्णयहरू
- स्थानीय तहको योजना तथा बजेट तर्जूमा दिग्दर्शन, २०७४
- स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ को प्रासांगिक विषयहरू
- बजेट तर्जूमा सम्बन्धमा विरुवा गाउँपालिकाबाट जारी भएको दिग्दर्शन

अव म चालू आर्थिक वर्ष समाप्ति हुनै लाग्दा चालू आर्थिक वर्षको संशोधित खर्च विवरण पेश गर्ने अनुमति चाहन्छु । चालू आर्थिक वर्षमा हामीलाई साविकका विरुवा अर्चले, मनकामना, चिन्नेबास, ओरष्टे, राङ्भाङ र किचनाश गा.वि.स. हरूको कूल रू. २ करोड ४६ लाख ३७ हजार ९९० बजेट दायित्व सरी आएको हो । जसमा चालू खर्च तर्फ कूलः ३० लाख ३१ हजार ७९३ र पूँजीगत खर्च तर्फ कूलः २ करोड ०५ लाख १३ हजार ९४२ रहेको छ । सो बजेट रकममा यस वर्ष चालू खर्च रू ३० लाख २८ हजार ८४७ र पूजीँगत तर्फ रू. रू. १ करोड ९३ लाख ४६ हजार २८१ खर्च भई जम्मा रकम रू २ करोड २३ लाख ७५ हजार १२८ खर्च हुने संशोधित अनुमान रहेको छ । उल्लिखित बजेटमध्ये खर्च हुन नसकेको बजेट फ्रिज गरी नेपाल सरकारको सर्वसंचित कोषमा जम्मा हुने व्यवस्था मिलाईएको छ ।

नेपाल सरकारबाट स्थानीय तहहरूको गठन पश्चात प्रत्येक स्थानीय तहहरूलाई चालू आर्थिक वर्षमै कूल १ करोड रकम अनुदान उपलब्ध भएको थियो । सो रकम मध्ये रू. २० लाख चालू खर्च तर्फ र ८० लाख पूँजीगत तर्फ खर्च गर्ने अख्तियारी प्राप्त भएको छ । चालु खर्च तर्फको रकम विरुवा गाउँ कार्यपालिकाका कर्मचारीहरूको तलब, भत्ता तथा अन्तरगतका कार्यालयहरूको कार्यालय सञ्चालन र पूँजीगत तर्फको रकम गाउँपालिका कार्यालय र वडा कार्यालयहरूको समेत भौतिक संरचना व्यवस्थापनमा खर्च गरिनेछ । यो रकम नेपाल सरकार, अर्थ मन्त्रालयको निर्णय बमोजिम असार मसान्तसम्ममा खर्च गरिसक्नु पर्ने अन्यथा फ्रिज गर्नुपर्ने बाध्यात्मक प्रावधान छैन । उक्त अनुदान रकमको पछिल्लो किस्ता रू. ४८ लाखको अख्तियारी केही दिन अघि मात्र प्राप्त हुन आएको छ । कूल रकम १ करोड मध्ये आगामी कार्तिक मसान्त सम्ममा चालू खर्च तर्फ रू. २० लाख र पूँजीगत तर्फ वडा कार्यालयहरू समेतमा भौतिक संरचना व्यवस्थापनमा रू. ८० लाख खर्च हुने संशोधित अनुमान छ ।

**अध्यक्ष महोदय,**

अव म यस गरिमामय सभामा आगामी आर्थिक वर्ष २०७४/७५ को लागि अनुमानित बजेट पेश गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको लागि अनुमानित कूल बजेट रू. २७ करोड ८२ लाख ८१ हजार खर्च हुने प्रारम्भिक अनुमान छ । जस मध्ये संघीय सरकारबाट वित्तीय समानीकरण अन्तर्गत प्राप्त १४ करोड २ लाख ५९ हजार, संघीय सरकारबाट प्राप्त सशर्त अनुदान तर्फ कूल १२ करोड ७८ लाख ६४ हजार र आन्तरिक आयश्रोत तर्फ १ करोड १ लाख ५८ हजार अनुमान गरिएको छ । झट्ट हेर्दा आन्तरिक आयश्रोतको प्रक्षेपण केही महत्त्वाकांक्षी देखिएतापनि यसलाई सार्थक बनाउन सबै गाउँपालिकाबासी लाई हार्दिक अनुरोध गर्दछु । आन्तरिक आयश्रोत तर्फका करका दरहरू छुट्टै अनुसूचीमा प्रस्तुत गरेको छु ।

आगामी आर्थिक वर्षका लागि चालू खर्च तर्फ कूल ४ करोड १२ लाख ६७ हजार ५०० प्रस्ताव गरेको छु । यस मध्येबाट गाउँपालिका अन्तर्गत रहेका सम्पूर्ण कर्मचारीहरूको तलब भत्ता तथा कार्यालय सञ्चालन खर्च प्रस्ताव गरिएको छ । चालू खर्च तर्फ नै निर्वाचित जनप्रतिनिधीहरूको लागि तलब भत्ता समेत प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षमा सबै उपभोक्ता समितिहरूको लागि तालिम उपलब्ध गराइने छ । जसबाट हालका दिनहरूमा देखिएको आयोजना व्यवस्थापन सम्बन्धी अन्यौलको अन्त्य तथा भुक्तानी प्रकृयामा सबै उपभोक्ता समितिहरूलाई सहजता पैदा हुनेछ । आगामी आर्थिक वर्षमा सबै वडा कार्यालयहरूलाई सूचना मैत्री बनाइनेछ । सबै वडा कार्यालयहरूमा इमेल इन्टरनेटको प्रबन्ध गरिनेछ । स्थानीय तहहरूबीचको अनुभव आदान प्रदान गर्नको लागि पदाधिकारीहरू समेत कार्यरत कर्मचारीहरूलाई अध्ययन भ्रमणको अवसर प्रदान गरिनेछ । यसले गर्दा स्थानीय तहहरू बीचको हार्दिकता तथा सेवा प्रवाहमा समानता पैदा हुनेछ ।

आगामी आर्थिक वर्षका लागि कूल पूँजीगत खर्च रू. २३ करोड ७० लाख १३ हजार ५०० प्रस्ताव गरिएको छ । स्थानीय तहरूको कार्यान्वयन पश्चात जनताहरूमा धेरै अपेक्षाहरू बढेर आएका छन् । वस्ती बस्तीमा स्थानीय तहको अनुभूति पु-याउनु छ । त्यसैले आगामी आर्थिक वर्षका लागि हरेक वडाहरूमा रू. ५० लाख सम्मको श्रोत सुनिश्चितता गरी सोही वडा अन्तर्गतबाट जनताहरूले प्रस्ताव गरी पठाइएका आयोजना तथा कार्यक्रमहरूलाई हुबहू प्रस्ताव गरिएको छ । वडा स्तरबाट प्राथमिकीकरण गरी आएका आयोजनाहरूमा कूल ४ करोड खर्च हुने प्रारम्भिक अनुमान छ । वडास्तरबाट छनौट भई आएका अन्य योजनाहरूलाई श्रोतले भ्याएसम्म कार्यपालिकाको बैठकबाट थप बजेट विनियोजन गरिएको छ । जनताका सबै अपेक्षाहरूलाई एकै

वर्षका सम्पूर्ण रूपमा संवोधन गर्न गठीन हुने भएकाले जनस्तरबाट छनौट भई आएका तर आगामी आर्थिक वर्षका लागि वजेट विनियोजन हुन नसकेका योजना तथा कार्यक्रमहरूलाई प्राथमिकताका आधारमा प्रदेश सरकार तथा संघीय सरकारमा सिफारिस साथ पठाउने व्यवस्था मिलाईएको छ । प्रत्येकवडा स्तरबाट ५० लाखको सिलिङमा सिफारिस भई आएका योजनाहरूको नामावली अनुसूचीमा उल्लेख गरिएको छ ।

**अध्यक्ष महोदय,**

यस गाउँपालिका मुलतः कृषि प्रधान नै हो । कृषिमा जति लगानी वढाउन सकिन्छ, उतीनै जनताले प्रत्यक्ष लाभान्वित हुने मौका पाउँदछन् । आगामी आर्थिक वर्षमा यस विरुवा गाउँपालिकाको कृषि सम्भाव्यता सम्बन्धी विस्तृत अध्ययन गरिनेछः जसका लागि १५ लाख बजेट विनियोजन गरेको छ । कृषि प्राविधिकहरूको सघन संलग्नतामा हुने अध्ययनले यस गाउँपालिकाको कृषि सम्भाव्यताको विविधिकरण सम्वन्धी अध्ययन प्रतिवेदन उपलब्ध हुनेछ । सोही अध्ययन प्रतिवेदनका आधारमा आगामी आर्थिक वर्षदेखि नै लगानी अभिवृद्दि गर्दै लगिनेछ । आगामी वर्षका लागि कृषि प्रवर्धन कार्यक्रम अन्तर्गत रू. ६० लाखको छुट्टै बजेट समेत प्रस्ताव गरिएको छ । गाउँपालिका भित्र ठूला ठुला पोखरीहरू निर्माण गरिनेछ । जसबाट कृषि क्षेत्रलाई टेवा पुग्नुको साथै जैविक विविधताको संरक्षण तथा पोखरी मुनीका मूलहरूको संरक्षण हुनेछ । पोखरी निर्माणमा १६ लाख वजेट व्यवस्था गरिएको छ । मनकामना क्षेत्र तथा राङभाङ क्षेत्रको उच्च पहाडी क्षेत्रहरूमा सम्भाव्यता अध्ययन गरी वर्षाको पानी संकलन गर्ने पोखरीहरू निर्माण गर्ने कार्यक्रम अघी बढाइनेछ । जसका लागि आन्तरिक श्रोत तर्फबाट बजेट व्यवस्था गरिएको छ ।

गाउँपालिकाको विस्तृत पार्श्व चित्र Village Profile निर्माण गर्न ५ लाख वजेटको व्यवस्था गरिएको छ । आगामी आर्थिक वर्षदेखि विरुवा वजारमा व्यवस्थित वस्ती विकास योजना प्रारम्भ गरिनेछ । यसका लागि छुट्टै प्राविधिकहरुको टोलीले अध्ययन गरी विरुवा बजार Town Planning योजना तयार गर्नेछः यसका लागि रू. १० लाख बजेट विनियोजन गरिएको छ । विरुवा वजारको फोहोर व्यवस्थापनको लागि आवश्यक बजेटको प्रवन्ध मिलाइएको छ ।

गाउँ कार्यपालिकाको पहिलो बैठकबाट उद्घोष भए बमोजिम विरुवा गाउँपालिकाको केन्द्रबाट सबै वडा कार्यालयहरूलाई सहज सडक सञ्जालमा आवद्ध गर्ने निर्णयको थालनी आगामी आर्थिक वर्षबाटै गरिने छ । जसअनुसार आगामी आर्थिक वर्षमा ती सडकहरूलाई बजेटको प्रवन्ध मिलाइएको छ । राङभाङ- विरुवा खण्डको लागि वडा स्तरबाट प्रस्ताव भई आएको रकम समेत रू. ३० लाख, भन्ज्याङ- बाहूँ- विरुवा खण्डलाई रू. २० लाख र खुदी- घोप्टे- विरुवा सडकको लागि १० लाख बजेट प्रस्ताव गरिएको छ । राष्ट्रिय गौरवको योजना ज्याग्दी करीडोरलाई गाउँपालिका स्तरीय छुट्टै योजना अन्तर्गत रू १५ लाख बजेट विनियोजन गरिएको छ । विरुवा गाउँपालिकाको विद्यूत प्रभावकारी बनाउनको लागि आगामी वर्षमा रू. १० लाख बजेट विनियोजन गरिएको छ ।

मनकामना मन्दिरको प्रवर्धन र विकास आजको अपरिहार्य आवश्यकता हो । यसको लागि मन्दिर व्यवस्थापन तथा सिंडी निर्माणलाई रू. १५ लाख बजेट विनियोजन गरिएको छ । गाउँपालिका अन्तर्गत एक समपूरक कोष रहने छ । जसबाट लागत साझेदारीमा विभिन्न योजना तथा कार्यक्रमहरूको कार्यान्वियन हुनेछ । समपूरक कोषमा हालका लागि रू. ८० लाख प्रस्ताव गरिएको छ ।

यस गाउँपालिकाको समग्र विकासमा टेवा पु-याउनको लागि यूवा लक्षित विभिन्न योजना तथा कार्यक्रमहरू प्रस्ताव गरिएको छ । आगामी आर्थिक वर्षदेखि विरुवा गाउँपालिका अन्तर्गत गाउँपालिका स्तरीय अध्यक्ष कप खेलकूद प्रतियोगिता आयोजना हुनेछ । वडा नं. ८ को पुष्पमदन खेल मैदान र वडा नं. ६ को चिन्नेबास खेल मैदानहरूको लागि बजेट छुट्याइएको छ । यूवा सचेतनामूलक कार्यक्रमहरू कार्यान्वयनमा ल्याइने छ । महिला, दलीत, जनजाति, अल्पसंख्यक समुदाय तथा गरिव, किसान हरूको उत्थानका लागि कार्यक्रमहरू तय गरिएको छ ।

आगामी आर्थिक वर्षमा क्यूथान डाँडामा एक View Tower को निर्माण कार्य प्रारम्भ गरिनेछ । वृद्धवृद्धाको लागि वडा नं ४ ओरष्टेमा मनमोहन बृद्ध आश्रमको निर्माण कार्य प्रारम्भ गरिनेछ । आगामी आर्थिक वर्षमा नै विरुवा प्रहरी चौकीको लागि भौतिक निर्माण गर्न बजेट व्यवस्था गरिएको छ । विरुवा गाउँपालिका अन्तर्गतका सम्भाव्य

क्षेत्रहरूको पहिचान गरी Home Stay बनाउनको लागि जनताको सहभागितामा कार्यक्रम अघि बढाइनेछः Home Stay निर्माणका लागि रू. १० लाख बजेट प्रस्ताव गरिएको छ ।

**गाउँ सभाका अध्यक्ष महोदय,**

गाउँपालिकाको सेवाप्रवाह तथा विकास निर्माणको गतिलाई छिटो छरितो र जनमुखी बनाउनको लागि कार्यालय व्यवस्थापन एक महत्वपूर्ण अवयव हो । आगामी आर्थिक वर्षको प्रारम्भमै जनतालाई अनुभूति हुने प्रकारले सबै वडा कार्यालयहरूलाई व्यवस्थित बनाउने कार्यको प्रारम्भ गरिनेछ । गाउँपालिकाको आफ्नै सवारी साधन नहुँदा कार्यालयको जिल्ला सदरमुकामसँगको समन्वय तथा वडास्तरीय योजना तथा कार्यक्रमको अनुगमनमा व्यवधान ऊत्पन्न हुन जाने सम्भावनालाई दृष्टिगत गरी आगामी आर्थिक वर्षमा सवारी साधन खरिदका लागि रू. ८० लाख प्रस्ताव गरिएको छ । सो प्रस्तावित रकमबाट दुई चारपांग्रे सवारी साधन खरिदको प्रकृया अगाडि बढाइने छ । सवारी साधनको उपलब्धताले पदाधिकारीहरूको आवागमन तथा कर्मचारीहरूको लागि कार्यसम्पादनमा सहजता पैदा हुने अनुमान गरिएको छ । चालू तथा पूँजीगत तर्फका सबै खर्च शीर्षकका विस्तृत विवरणहरू यसै बजेट वक्तव्य साथै अनुसूचीमा संलग्न राखी सबै सदस्य महानुभावहरूलाई उपलब्ध गराईएको छ । विस्तृत विवरण अनुसूचीहरूबाट हेर्नुहुन समेत सादर निवेदन गर्दछु ।

आगामी आर्थिक वर्षका लागि कूल पूँजीगत रकम रू. २३ करोड ७० लाख १३ हजार ५०० मध्ये सशर्त अनुदान तर्फ कूल रू १२ करोड ७८ लाख ६४ हजार प्रस्ताव गरिएको छ । यस रकम मध्येबाट शिक्षा, स्वास्थ्य र पशुविकास मन्त्रालय अन्तर्गतका विभिन्न कार्यक्रमहरूको प्रस्ताव गरिएको छ । सो सम्बन्धी विस्तृत विवरण अनुसूचीमा संलग्न छ । यस शीर्षक अन्तर्गतको बजेट सशर्त अनुदान तर्फको भएको र सो सम्बन्धी प्रस्तावित कार्यक्रम अर्थ मन्त्रालयबाट प्राप्त हुन आएकाले सोही प्रस्तावलाई हुबहू सभामा निर्णयार्थ पेश गरिएको छ ।

**अध्यक्ष महोदय,**

प्रस्तावित योजना तथा कार्यक्रमहरूको सफलता यिनीहरूको प्रभावकारी कार्यान्वयमा भर पर्दछ । तसर्थ, प्रस्तावित योजना तथा कार्यक्रमहरूको प्रभावकारी तथा व्यवस्थित कार्यान्वयनमा यस गाउँपालिका अन्तर्गतका सम्पूर्ण राजनीतिक दल, नागरिक समाज, स्थानीय बुद्धिजिवी, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाइ दिदीबहीनीहरूको उल्लेख्य सहयोग रहने छ भन्ने अपेक्षा लिएको छु ।

अन्त्यमा,

बजेट तर्जूमाको दौरान अमूल्य सहयोग प्रदान गर्नुहुने सम्पूर्ण टोलबस्तीबासी जनताहरू, वडा समितिका अध्यक्ष लगायत सदस्य ज्यूहरु, विभिन्न समितिहरूका सदस्य ज्यूहरू, विषयक्षेत्रगत समूहका सदस्यज्यूहरू, गाउँ कार्यपालिकाका सबै सदस्य ज्यूहरू लगायत महत्त्वपूर्ण मार्गदर्शनका लागि श्रदय गाउँपालिका अध्यक्ष ज्यूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

साथै, बजेट तर्जूमाको दौरान प्राविधिक तथा अन्य व्यवस्थापकीय सहयोग पु-याउनुहुने गाउँ कार्यपालिका तथा वडा कार्यालयका कर्मचारी एवम् सामाजिक परिचालकहरूलाई धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ।

**प्रस्तुतकर्ताः**
देवीकूमारी थापा
उपाध्यक्ष
विरुवा गाउँपालिका, स्याङ्जा

## गाउँ सभाका निर्णयहरूः

१. अध्यक्षले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७४/७५ को विरूवा गाउँपालिकाको नीति तथा कार्यक्रम पारित गरियो ।

२. उपाध्यक्षले प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७४/७५ को बजेट, योजना तथा कार्यक्रमहरू पारित गरियो ।

३. विरुवा गाउँपालिका कार्यान्वयनमा आए पछि गाउँ कार्यपालिकाको कार्यालय तथा कार्यपालिकाबाट भए गरेका सबै निर्णयहरूलाई अनुमोदन गर्ने निर्णय गरियो ।

४. गाउँ कार्यपालिकाको कार्यालयले चालू आर्थिक वर्षमा भुक्तानी गरेका साविकका गाउँ विकास समितिका योजना तथा कार्यक्रमहरूको सबै भुक्तानीहरू एवम् गाउँ कार्यपालिकाको आर्थिक प्रतिवेदनलाईलाई अनुमोदन गरियो ।

५. गाउँपालिकाका पदाधिकारीहरूको बैठक भत्ता तथा गाउँ सभाको तयारीका लागि कार्यपालिकाको कार्यालयमा कार्यरत कर्मचारीले खाइपाइ आएको १ महिना बराबरको रकम अतिरिक्त भत्ता उपलब्ध गराउने प्रस्तावलाई पारित गरियो ।

६. गाउँ कार्यपालिकाले चालू आर्थिक वर्षका लागि सवारी साधन भाडामा लिनेगरी गरेको निर्णयलाई अनुमोदन गरी आफ्नै सवारी साधन उपलब्ध नहुने समय सम्मका लागि आगामी आर्थिक वर्षमा समेत सवारी साधन भाडामा लिइ प्रयोग गर्ने निर्णय गरियो ।

७. गाउँ कार्यपालिकाले यस वर्ष पारित गरेका सबै नियमावली तथा कार्यविधिलाई अनुमोदन गरियो ।

८. विरुवा गाउँपालिकाको पदाधिकारीहरूको आचार संहिता २०७४ लाई पारित गरियो ।

९. चालू आर्थिक वर्षमा गाउँ कार्यपालिकाको कार्यालयबाट सेवा परामर्श अन्तरगत लिइएका कार्यालय सहयोगीहरूको करार सम्झौतालाई अनुमोदन गर्ने तथा चालू आ.व.को अन्त्यसँगै सेवा करार सम्झौता अन्त्य गरी त्यस्ता कर्मचारीहरूलाई ज्यालादारीमा रूपान्तरण गर्ने निर्णय गरियो ।

१०. साविकका गाउँ विकास समितिहरूले यस गाउँपालिका अन्तर्गतका आयोजनाहरूको लगत इष्टिमेट तथा मूल्याँकन गर्नका लागि भनी खटाइएका प्राविधिकहरूलाई ऊनीहरुले गरेको लगत इस्टिमेट र मूल्याँकन रकमको २ प्रतिशतले हुन आउने रकम पारिश्रमिक उपलब्ध गराउने र भौगोलिक अवस्थिति हेरेर आवश्यकता अनुसार फिल्ड भत्ता समेत उपलब्ध गराउन सकिने निर्णय गरियो ।

११. विरुवा गाउँपालिकाको आर्थिक विधेयक २०७४ तथा विनियोजन विधेयक २०७४ लाई स्वीकृत गरियो ।

१२. विरुवा गाउँपालिका निवासी श्री प्रकाश थापालाई प्रथम गाउँ सभाको अवसरमा सम्मान गर्ने निर्णय गरियो ।

१३. विरुवा गाउँपालिका अन्तर्गत विभिन्न योजनाहरूका लागि साविकमा बनेका उपभोक्ता समितिहरु भङ्ग गरी नयाँ योजनाहरूको लागि समितिहरू पुनर्गठन गर्ने निर्णय गरियो ।

१४. यस गाउँपालिकाको आगामी आर्थिक वर्षको वार्षिक योजनामा अंकगणितीय शुद्धता तथा सभाले गरेका निर्णयमा तात्विक फरक नपर्ने गरी योजनाको किताब सम्पादन गर्नको लागि कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

## अनुसूची – १: कूल बजेट म्याट्रिक्स

| **आगामी आर्थिक वर्षको लागि बजेट म्याट्रिक्स** <br> **रू. हजारमा** | | | |
|---|---|---|---|
| आय तर्फ | | व्यय तर्फ | |
| विवरण | रकम | विवरण | रकम |
| वित्तीय समानीकरण | १४०२५९ | चालू खर्च | ४१२६७.५ |
| सशर्त अनुदान | १२७८६४ | पूँजीगत - वडास्तरीय | ४०००० |
| आन्तरिक आय | १०१५८ | पूँजीगतः गा.पा. स्तरीय | ६९१४९.५ |
| | | सशर्त खर्चः शिक्षा, स्वास्थ्य, पशुविकास | १२७८६४ |
| | २७८२८१ | | २७८२८१ |

## अनुसूची – २: आगामी आ.व. का लागि करका दरहरू

आ.व. ०७४/७५ मा विरुवा गाउँपालिकामा लगाइने करका दरहरू

| सि.नं. | व्यवसायको नाम र किसिम | आ.व. ०७४/७५ को प्रस्तावित दर रू. | कैफियत |
|---|---|---|---|
| १ | **व्यापारिक वस्तु** | | |
| | डिलरसिप सबै प्रकारका | 1000- 2000 | |
| | डिपार्टमेन्टल स्टोर | 1500-2000 | |
| | सवारी साधन विक्रेता | | |
| | साइकल | 1000 | |
| | मोटर साइकल | 3000 | |
| | निर्माण सामग्री, कम्प्यूटर, विद्यूत सामान, क्यामेरा,टेलिभिजन, रेडियो, कार्पेट,पेट्रोलियम पदार्थ | 500-2000 | |
| | हार्डवोयर पसल सबै | 2000-5000 | |
| | दैनिक उपभोग्य सामान | 500-1000 | |
| | दैनिक उपभोग्य सामानको थोक विक्रेता | 1000-2000 | |
| | किराना पसल खुद्रा | 800 | |
| | फलफूल तथा तरकारी पसल | 500-1000 | |
| | सूति,ऊनी,नाइनल कपडा पसल | 1000-1500 | |
| | फेन्सी पसल सबै प्रकारका | 1000-2000 | |
| | सून पसलः उच्च,मध्ययम, र सानो | 5000, 3000, 2000 | |
| २ | **निर्माण व्यवसाय** | | |
| | गाउँपालिका क्षेत्रमा प्रधान कार्यालय भएका निर्माण व्यवसायी | | |
| | निर्माण व्यवसायी संघ | | |
| | **क** वर्ग | 5200 | |
| | **ख** वर्ग | 4200 | |
| | **ग** वर्ग | 3200 | |
| | **घ** वर्ग | 2200 | |
| ३ | **उत्पादनमूलक उद्योग** | | |
| | मैनवत्ती उद्योग घरेलु | 400 | |

| | | | |
|---|---|---|---|
| | कापी उद्योग | 2000 | |
| ४ | **कृषि तथा वनजन्य उद्योग** | | |
| | **तोरी पेल्ने मील** | 1000 | |
| | कुटानी पिसानी सहितको तेल पेल्ने मिल | 2200 | |
| | कुटानी पिसानी मिल | 1500 | |
| | फर्निचर उद्योग | 5000 | |
| | पशु दाना उद्योग | 1800 | |
| | पोल्ट्री फर्म उच्च | 2300 | |
| | पोल्ट्री फर्म सानो | 1800 | |
| | वंगुर पालन | 1500-3000 | |
| | भैंसी पालन व्यवसाय | 1500 | |
| | गाई पालन व्यवसाय | 1500 | |
| | वाख्रा पालन व्यवसाय | 1500 | |
| | माछापालन व्यवसाय | 1500 | |
| | स- मील | 5000 | |
| ५ | **पर्यटन उद्योग** | | |
| | होटल मध्ययम | 2000 | |
| | होटल सानो | 1000 | |
| | अन्य स-साना चिया  खाजा तथा खाना पसल | 1000 | |
| | रेष्टुरेन्ट एण्ड वार | 1500 | |
| | लज | 3000 | |
| | गजल/ दोहोरी रेष्टुरेन्ट | 3500 | |
| ६ | **सेवा उद्योग** | | |
| | अपसेट प्रेस | 2500 | |
| | लेटर प्रेस | 1300 | |
| | चलचित्र भिडियो | 1000 | |
| | सार्वजनिक परिवहन सेवा/ गाउँपालिका भित्र प्रधान कार्यालय भएको | 5000 | |
| | सार्वजनिक परिवहन सेवा/ गाउँपालिका भित्र शाखा कार्यालय भएको | 3000 | |
| | फोटोग्राफी | 1000 | |
| | प्रयोग शाला | 1200 | |
| ७ | **निर्माण उद्योग** | | |
| | सिमेन्ट ब्लक उद्योग | 1500 | |

| | | | |
|---|---|---|---|
| | मेटल/ ग्रील उद्योग | 3000 | |
| | इट्टा उद्योग/ चिम्नी भट्टा | 3500 | |
| | इट्टा उद्योग/ साधारण भट्टा | 1000-3000 | |
| | अन्य उद्योग | 1300 | |
| ८ | **सञ्चार सेवा** | | |
| | निजी मोबाइल सेवा केन्द्र | 1000-2000 | |
| | निजी टेलिफोन तथा फ्याक्स सेवा | 1000 | |
| | फ्याक्स फोटोकपी तथा प्रिन्टिङ् | 1000 | |
| | मोवाइल फोन विक्री, मर्मत | 1500 | |
| | कुरियर सेवा | 500 | |
| | साइवर सेवा | 1200 | |
| | छपाई तथा प्रकाशन | 1000 | |
| | फोन इनक्वाएरी | 800 | |
| ९ | **वित्तीय सेवा** | | |
| | आर्थिक कारोबार समेत गर्ने वित्तीय कम्पनीको मुख्य कार्यालय | 10000 | |
| | वित्तीय कम्पनीको शाखा/ उपशाखा कार्यालय | 5000 | |
| | विमा कम्पनी | 5500 | |
| | विदेशी मुद्रा सटही | 2000 | |
| | मनी ट्रान्सफर | 3000 | |
| | धितो पत्र कारोबार | 1500 | |
| | सहकारी संस्था ३ करोड बढी वार्षिक कारोबार हुने | 4000 | |
| | सहकारी संस्था अन्य | 2500 | |
| | निजी क्षेत्रका बाणिज्य बैकहरू | 5000 | |
| | निजी क्षेत्र समेतको स्वामित्वमा रहेका बैंकका शाखा कार्यालयहरू | 5000 | |
| | विमा कम्पनीका शाखा वा सम्पर्क कार्यालयहरू | 2500 | |
| | सर्भेयर सेवा केन्द्र | 1300 | |
| १० | **स्वास्थ्य सेवा** | | |
| | गैह्र सरकारी अस्पताल | 2500 | |
| | सामुदायिक अस्पताल | 3000 | |
| | निजीस्तरका अस्पताल तथा रिसर्च सेन्टर | 3000 | |
| | नर्सिङ होम | 3000 | |
| | ल्याव तथा क्लिनिक | 2000 | |
| | होमियोप्याथी तथा प्राकृतिक चिकित्सा क्लिनिक | 1000 | |

| | | | |
|---|---|---|---|
| | औषधी पसल थोक | 2500 | |
| | औषधी पसल खुद्रा | 1500 | |
| | औषधी पसल आयुर्वेद | 1200 | |
| | औषधी पसल पशुस्वास्थ्य | 1200 | |
| | पशु पंक्षी दाना पसल | 1300 | |
| | जडी बुटी पसल | 550 | |
| | विशेषज्ञ सेवा तथा अन्य व्यवसायिक सेवा | | |
| | चिकित्सक | 1500 | |
| | दन्त चिकित्सक रिसर्च | 1500 | |
| | पशु चिकित्सक | 1000 | |
| | कविराज | 700 | |
| | इन्जिनियर | 1500 | |
| | कानून व्यवसायी | 1500 | |
| | लेखापरिक्षक | | |
| | **क** वर्ग | 1500 | |
| | **ख** वर्ग | 1200 | |
| | **ग** वर्ग | 900 | |
| | **घ** वर्ग | 700 | |
| | विमा एजेण्ट | 500 | |
| | सर्भेयर | 1000 | |
| | अनुवादक | 700 | |
| | नोटरी पब्लिक सेवा | 700 | |
| | अनुसन्धानकर्ता तथा परामर्श दाता/ भाषा अनुवादक समेत | 1000 | |
| | कम्प्यूटर एनालिष्ट तथा प्रोग्रामर | 1000 | |
| | शेयर दलाल | 1000 | |
| | सामान ढुवानी कर्ता कम्पनी | 1600 | |
| | संस्थागत पेन्टर | 5200 | |
| | **शिक्षा सेवा** | | |
| | निजी क्षेत्रका स्कूल, क्याम्पस, विश्वविद्यालय | | |
| | निजी क्षेत्रका क्याम्पस र प्लस टू | 1500 | |
| | निजी क्षेत्रका मा.वि. स्कूल | 1500 | |
| | निजी क्षेत्रका आधारभूत विद्यालय | 1000 | |
| | निजी क्षेत्रका पूर्व प्राथमिक विद्यालय | 1000 | |

| | | | |
|---|---|---|---|
| | निजी क्षेत्रका होस्टेलहरू | 1000 | |
| | तालीम तथा अनुसन्धान केन्द्र | 2000 | |
| | निजी प्राविधिक शिक्षालय | 2000 | |
| | टाइपिङ, कम्प्यूटर तथा भाषा प्रशिक्षण केन्द्र संस्था | 1000 | |
| | टाइपिङ | 1500 | |
| | कम्प्यूटर टाइपिङ | 1000 | |
| | ट्यूसन तथा कोचिङ सेन्टर | 2000 | |
| | भाषा प्रशिक्षण केन्द्र | 2000 | |
| ११ | **मर्मत संभार केन्द्र** | | |
| | हेभी इक्यूप्मेन्ट मर्मत केन्द्र | 3000 | |
| | बस,ट्रक,कार | 3000 | |
| | मोटर साइकल | 2000 | |
| | साइकल तथा अन्य | 1000 | |
| | रेडियो,टेलिभिजन, घडी, प्रेसर कुकर,टेलिफोन सेट,हिटर र विद्यूतीय सामान | | |
| | रेडियो टिभी मर्मत केन्द्र | 1400 | |
| | रेडियो तथा घडी मर्मत केन्द्र | 1200 | |
| | घडी मर्मत केन्द्र | 1000 | |
| | प्रेसर कुकर, हिटर, टेलिफोन सेट, सिलाई मेशीन मर्मत | 800 | |
| | कम्प्यूटर, विजुलीका सामान, क्यामेरा, रेडियो, टेलिभिजन, फर्निसिङ पसल | 2400 | |
| | फोटोकपी/ कम्प्यूटर विक्री तथा मर्मत | 2500 | |
| | अन्य इलेक्ट्रिक तथा इलेक्ट्रोनिक्स मर्मत | 1400 | |
| | **अन्य सेवा** | | |
| | विज्ञापन एजेन्सी | 1500 | |
| | वैदेशिक रोजगार सेवा | 1500 | |
| | स्वदेशी रोजगार सेवा | 1500 | |
| | हाउजिङ कम्पनी तथा घर जग्गा खरिद विक्री/ रियलस्टेट | 4000 | |
| | व्यूटी पार्लर, केश श्रृंगार | 1000 | |
| | ड्राई क्लिनर्स | 700 | |
| | फोटो स्टुडियो | 1200 | |
| | साइन्बोर्ड पेन्टिङ सेवा | 1200 | |
| | पशु वधशाला | 3000 | |
| | माशु विक्रेता | | |

| | | | |
|---|---|---|---|
| | कुखुरा | 1000 | |
| | खशी/ बोका | 1000 | |
| | रांगा/ बुंगुर | 1000 | |
| | माछा | 1000 | |
| | टेलर्सः कपडा सहितको | 2000 | |
| | सिलाई केन्द्रः २ भन्दा बढी मेशीन भएको | 1000 | |
| | सिलाई प्रशिक्षण केन्द्र | 1000 | |
| | कवाडी | 2000 | |
| १२ | **माथिको वर्गीकरणमा नपरेका विविध सेवा व्यवसाय तथा कारोबारहरू** | | |
| | कपडा जुत्ता पसल | 1500 | |
| | छाला जुत्ता पसल उच्च | 2000 | |
| | छाला जुत्ता पसल साधारण | 1000 | |
| | छाला जुत्ता निर्माण तथा मर्मत केन्द्र | 1000 | |
| | भाडा पसलः उच्च | 2500 | |
| | भाडा पसलः मध्यम | 1500 | |
| | भाडा पसलः साधारण | 1000 | |
| | चुरा पसलः टंकीमा राखेको | 600 | |
| | चुरा पसल | 800 | |
| | काठ तथा स्टिल फर्निचर पसल | 2000 | |
| | चस्मा पसल | 1000 | |
| | मेशीनरी पार्ट पूर्जा | 2500 | |
| | हजाम पसल | 1000 | |
| | ड्राइभिङ इन्स्टिच्यूट | 2500 | |
| | डिजिटल कलर ल्याव | **3500** | |
| | डिजिटल कलर ल्याव मध्ययम | 2500 | |
| | फ्लेक्स प्रिन्टर सेवा | 1500 | |
| | कलर ल्याब | 1000 | |
| | अडियो तथा भिडियो सेन्टर | 1000 | |
| | दुग्धडेरी/ सहकारी संघ | 1300 | |
| | दुग्धडेरी | 1000 | |
| | दुग्ध चिस्यान केन्द्र | 2500 | |
| | स्यानीटरी सामानको पसल | 1500 | |

| | | | |
|---|---|---|---|
| | प्लाष्टिक मेच कुर्सी तथा अन्य सामाग्रीको पसल | 1000 | |
| | ग्याँस सिलिण्डर विक्रेता | 1000 | |
| | कोल्ड ड्रिङ्क्स पसल | 1000 | |
| | ऊन पसल | 900 | |
| | होजीयारी उद्योग उच्च | 1400 | |
| | होजीयारी उद्योग मध्यम | 900 | |
| | होजीयारी उद्योग साधारण | 700 | |
| | कस्मेटीक पसल उच्च | 2500 | |
| | कस्मेटीक पसल मध्यम | 1500 | |
| | कस्मेटीक पसल साधारण | 1000 | |
| | स्टेशनरी होलसेल | 3000 | |
| | स्टेशनरी खुद्रा | 1000 | |
| | पत्र/पत्रिका पसल | 900 | |
| | चिया पसल | 650 | |
| | मिठाई पसलः मिष्ठान्न भण्डार | 1500 | |
| | म:म / रेष्टुराँ | 1100 | |
| | भोजनालय | 1500 | |
| | अन्य पसल तथा स-साना पाउरोटी दालमोट, मसला, मैनवत्ती जस्ता घरेलु उद्योग | 1000 | |
| | कन्सल्टेन्सी तथा परामर्श सेवा | 1400 | |
| | Manpower company शाखा कार्यालय | 2500 | |
| | कृषि फलफूल तथा वन नर्सरी व्यवसाय | 1000 | |
| | केवल लाइन प्रसारण | 3500 | |
| | एफ.एम रेडियो प्रसारण | 2500 | |
| | इन्टरनेट सेवा प्रदायक | 1500 | |
| | एफ.एम रेडियो सामुदायिक | 2500 | |
| | पुल हाउस/ इस्नुकर | 900 | |
| | ट्रान्सपोर्ट सेवा | 1100 | |
| | ठेका भाँडा | 800 | |
| | माटाका भाँडा | 800 | |
| | मादल | 800 | |
| | डाला, नाङ्ला पसल | 800 | |
| | दाना तथा आलु/ प्याज थोक विक्री पसल | 1500 | |

| | | | |
|---|---|---|---|
| | सोलार पावल सप्लायर्स | 2000 | |
| | खेलौना तथा उपहार सामग्री पसल | 1000 | |
| | चस्मा मर्मत तथा विक्री केन्द्र | 1000 | |
| | मदिराजन्य पसल | 2000 | |
| | पेपर हेण्डीक्राफ्ट सम्बन्धी पसल | 800 | |
| | जडिबुटी पसल | 800 | |
| | पाँच वा सोभन्दा बढी व्यवसाय रहेको प्रा.लि. | 5000 | |
| | अन्य प्रकारका प्रा.लि. | 3500 | |
| | दुई देखि ४ वटा व्यवसाय भएको प्रा.लि. | 3500 | |
| | फ्याक्स तथा प्रिन्टर सेवा | 1500 | |
| | प्लास्टिक मेच कुर्ची पसल | 1500 | |
| | प्लाष्टिक अन्य पसल | 1000 | |
| | चाउमिन उद्योग | 800 | |
| | मिनरल वाटर उद्योग | 2500 | |
| | मिनरल वाटर होलसेल पसल | 1500 | |
| | आल्मुनियम उद्योग | 2500 | |
| | अन्य पसल | 800 | |

पुनश्चः उपरोक्तानुसारको व्यवस्था आ.व. ०७४/७५ देखि लागू हुनेछ र उल्लिखित विभिन्न व्यवसायहरूको गाउँपालिकामा पहिलो पटक दर्ता गर्दा प्रमाणपत्र दस्तुर वापत रू. १०००/- थप लाग्ने छ ।

**१४ पटके बजार तथा हाट बजार करः**

| सि.नं. | व्यवसाय | **आ.व. ०७४/७५ का प्रस्तावित दरहरू** | |
|---|---|---|---|
| १ | फेन्सी पसल/ प्रति पसल | 450 | |
| २ | ठेका भाँडा प्रति पसल | 300 | |
| ३ | माटोको भाँडा पसल/ प्रति पसल | 100 | |
| ४ | प्रोभिजनल प्रति पसल | 250 | |
| ५ | मादल प्रति पसल | 200 | |
| ६ | औजार भाँडा प्रति पसल | 125 | |
| ७ | सून चाँदी प्रति पसल | 500 | |
| ८ | चिया नास्ता प्रति पसल | 150 | |
| ९ | डाला नाङ्ला प्रति पसल | 200 | |
| १० | चुरापोते प्रति पसल | 200 | |
| ११ | जिरामसला प्रति पसल | 400 | |

| | | | |
|---|---|---|---|
| १२ | जडिबुटी प्रति पसल | 200 | |
| १३ | अन्य पसल हेरेर | 100-300 | |

**१५** **सवारी करः**

| सि.नं. | सवारी साधनको किसिम | आ.व. ०७४/७५ को प्रस्तावित दर | |
|---|---|---|---|
| | डोजर, एक्साभेटर, | 3000 | |
| | जेसीबी | 2000 | |
| १ | वस,ट्रक,लहरी तथा अन्य हेभी गाडी | 2000 | |
| २ | भाडाका कार,जीप,भ्यान र ट्याक्टर | 1000 | |
| ३ | भाडाका टेम्पो,पावर टेलर | 300 | |
| ४ | भाडाका मिनीबस/ मिनीट्रक | 1000 | |
| ५ | निजी कार तथा टेम्पो,मिनी बस,ट्रक | 500 | |
| ६ | स्कुटर,मोटरसाइकल तथा अन्य सवारी साधन | 300 | |
| ७ | ठेला गाडा तथा रिक्सा | 50 | |
| ८ | दर्ता तथा सञ्चालन इजाजत दस्तुरः ठेला,रिक्सा,टाँगा दर्ता गरी नम्बर दिए बापत | 100 | |

**१६** **मनोरञ्जन करः**

| सि.नं. | मनोरञ्जन साधन | आ.व. ०७४/७५ को प्रस्तावित दर | |
|---|---|---|---|
| १ | सिनेमा हल,भिडियो हल, साँस्कृतिक प्रदर्शन स्थल, थिएटर संगीत तथा मनोरञ्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा | 10 | |
| २ | जादु, सर्कस, चटक आदिमा प्रतिदिन | 500 | |
| ३ | व्यवसायिक भिडियो कर | 250 | |

**१७. मूल्याङ्कन सेवाः** सम्पत्ति मूल्यांकन तथा आयश्रोत प्रमाणितमा स्थानीय स्वायत्त शासन नियमावली, २०५६ बमोजिम निम्नानुसारको सेवा शुल्क लगाईनेछ ।

| सि.नं. | मूल्याङ्कन | आ.व. ०७४/७५ को प्रस्तावित दर | |
|---|---|---|---|
| १ | सम्पत्ति मूल्याङ्कन प्रति हजार रुपैयाको | १ | |
| २ | आयश्रोत प्रमाणित प्रति हजार रूपैयाको | १ | |
| रू. एक करोड सम्मः | | 10000 | |
| रु. एक करोड देखि २ करोड सम्म | | 12500 | |
| रु. २ करोड देखि ३ करोड सम्म | | 15000 | |
| रू. ३ करोड देखि ४ करोड सम्म | | 17500 | |
| रू ४ करोड देखि ५ करोड सम्म | | 20000 | |
| रू. ५ करोड देखि माथि | | 25000 | |

**१८ घरवहाल करः**

घरधनीले लगाउने बहाल रकमको १० प्रतिशतले हुन आउने रकम ।

**१९. विज्ञापन करः**

१. गाउँपालिका क्षेत्रभित्र राखिने विभिन्न व्यापारिक विज्ञापन बोर्डहरूमा प्रति स्क्वायर फिट रू. ५० का दरले हुन आउने रकम कर लगाउने ।

२. व्यवसायिक व्यानर प्रति हप्ताः रू. ५०

३. व्यवायिक प्रचार प्रसार गाडीबाट माइकिङ प्रतिदिन रू. १००

४. व्यवसायिक प्रचार प्रसार रिक्साबाट माइकिङ रू. ५०

**२०. मालपोत कर**

तीन रोपनी सम्मको न्यूनतम रू. १०० र त्यसपछिको जग्गाको प्रति रोपनी निम्नानुसार थप दस्तुर लाग्नेछ ।

अब्बल दोयम र सीम जग्गा प्रति रोपनी थप रू. २५

चाहार को प्रति रोपनी थप रू ५

**२१. पटके व्यवसाय करः**

गा.पा. क्षेत्रभित्र विक्री वितरणको लागि ल्याउने र घुम्ती पसल राख्ने देहायका व्यवसायहरूका लागि निम्नानुसारका दरले पटके व्यवसाय कर लगाउने

| | | |
|---|---|---|
| १. | भैंसी, राँगा,प्रति गोट प्रति पटक रू. | 25 |
| २. | खसी, बोका, प्रति गोटा प्रति पटक रू. | 10 |
| ३. | हाँस कुखुराः चल्ला बाहेक प्रति गोटा प्रति पटक रू | 5 |
| ४. | घुम्ती व्यवसायः फेन्सी | 100 |

| | |
|---|---|
| ५. घुम्ती व्यवसायः अन्य | 100 |

**<u>२२. एकीकृत सम्पत्ति करः</u>**

एकीकृत सम्पत्ति कर कानून बनाएर प्रारम्भ गरिनेछ।

**<u>२३. नक्सापास दस्तुरः</u>**

यस गा.पा. क्षेत्रभित्र निर्माण हुने आधुनिक घरहरूको लागि निम्नानुसारको नक्सापास दस्तुर लाग्नेछ।

| | | |
|---|---|---|
| १ | नक्सापास निवेदन फारामको रू. | 200 |
| २ | भुइँ तला र पहिलो तलामा प्रति वर्ग फिट | 5 |
| ३ | दोश्रो तलामा प्रति वर्ग फिट | 7 |
| ४ | तेश्रो र सोभन्दा माथि प्रति वर्ग फिट | 8 |

अस्थाई र छाप्रो निर्माण गर्दा अस्थाई नक्सा पास पेश गर्नु पर्नेछ। ५०० वर्ग फिटसम्मका छाप्रोको लागि निर्माण दस्तुर रू. १००० र ५०० वर्ग फिट भन्दा वढी भएका छाप्रोको वढी हुन आउने प्रति वर्ग फिट रू. 2 का दरले लिने। कुनै कित्तामा एक भन्दा वढी छाप्रो बनाउने पर्ने भएमा सबै छाप्रोको नक्सा पेश गरी सोही बमोजिम दस्तुर लाग्नेछ।

# अनुसूची - ३ : सिफारिस दस्तुर

| सि.नं. | सिफारिसको विवरण | आ.व. ०७४/७५ को प्रस्तावित दर |
|---|---|---|
| १ | वंशजको नागरिकता सिफारिसः निवेदन दस्तुर समेत | २०० |
| २ | जन्मको आधारमा गरिने नागरिकता सिफारिस | 500 |
| ३ | अंगिकृत नागरिकता सिफारिस | 500 |
| ४ | नागरिकताको प्रतिलिपी सिफारिस | 300 |
| ५ | नागरिकताको संशोधन सिफारिस | 300 |
| ६ | नाता प्रमाणित नेपाली | 300 |
| ७ | नाता प्रमाणित अंग्रेजी | 500 |
| ८ | विद्यूत जडान सिफारिस | 300 |
| ९ | विद्यूत जडान थ्रिफेज | 500 |
| १० | नाम संशोधन, नाम छुट तथा दुई नाम एकै सिफारिस | 300 |
| ११ | जन्ममिति प्रमाणित नेपाली | 300 |
| १२ | स्थाई वा अस्थाई वसोवास सम्बन्धी सिफारिस | 250 |
| १३ | नामथर जन्ममिति संशोधन सिफारिस | 300 |
| १४ | घरजग्गा नामसारी सिफारिस | 500 |
| १५ | सम्बन्ध विच्छेद भएको सिफारिस | 300 |
| १६ | फुकुवा सिफारिस | 300 |
| १७ | पेन्सन गार्ड वा सो सम्बन्धी अन्य सिफारिस | 400 |
| १८ | हकवाला संरक्षक सिफारिस | 300 |
| १९ | अविवाहित प्रमाणिकरण सिफारिस | 300 |
| २० | नक्कल प्रमाणित दस्तुरः मालपोत रसीद समेत | 100 |
| २१ | व्यवसाय दर्ता प्रमाणपत्रको नक्कल | 200 |
| २२ | व्यवसाय दर्ता लगत कट्टाको सिफारिस | 200 |
| २३ | घरनक्सा नामसारी | 400 |
| २४ | घर निर्माण सम्पन्न सिफारिसः आरसिसी | 1000 |
| २५ | घर निर्माण सम्पन्न सिफारिसः कच्ची | 500 |
| २६ | निजी क्षेत्रमा रुख कटान सिफारिस | 300 |
| २७ | मिलापत्र दस्तुर | 250 |

| | | |
|---|---|---|
| २८ | नावालक परिचयपत्र सिफारिस | 300 |
| २९ | व्यक्तिगत घटना दर्ता ३५ दिनसम्म | निःशुल्क |
| ३० | व्यक्तिगत घटना दर्ता ३५ दिन पछि | 100 |
| ३१ | दलित,जनजाति,आदिवासी सिफारिस | 300 |
| ३२ | कर क्लियर सिफारिसः नेपाली | 300 |
| ३३ | पारिवारिक विवरण सिफारिस | 300 |
| ३४ | खानेपानी जडान सम्बन्धी सिफारिस | 300 |
| ३५ | **उद्योग दर्ताको लागि सिफारिस** | |
| | क. साना | 500 |
| | ख. मझौला | 1000 |
| | ग. ठूला | 1500 |
| ३६ | **निजी विद्यालय सञ्चालन तथा कक्षा थप अनुमतिको सिफारिस** | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | 1000 |
| | ख. आधारभूत विद्यालय | 1200 |
| | ग. मा.वि. | 1500 |
| | घ. स्नातक/ स्नातकोत्तर | 2000 |
| ३७ | **सामुदायिक विद्यालय सञ्चालन तथा कक्षा थप सम्बन्धी सिफारिस** | |
| | क. वाल विकास केन्द्र सञ्चालन अनुमति | 500 |
| | ख. आधारभूत विद्यालय | 700 |
| | ग. मा.वि. | 1000 |
| | घ. स्नातक/ स्नातकोत्तर | 1200 |
| ३८ | अंग्रेजी भाषामा गरिने प्रति सिफारिस दस्तुर | 500 |
| ३९ | चारकिल्ला प्रमाणित | 300 |
| ४० | ग्रामिण क्षेत्रमा घरबाटो सिफारिस | 300 |
| ४१ | शहरी क्षेत्रमा घरबाटो सिफारिस | 500 |
| ४२ | संस्था दर्ता सिफारिस | 300 |
| ४३ | घर ढलान गर्दा वाटो प्रयोग सम्बन्धी सिफारिस | 300 |
| ४४ | माथि उल्लेख भएका बाहेक सबै प्रकारका सिफारिस | 300 |
| ४५ | नक्शा प्रमाणित | 1000 |
| ४६ | भवन निर्माण अनुमतिपत्रको प्रतिलिपी | 500 |

| | | |
|---|---|---|
| ४७ | व्यवसाय दर्ता सिफारिस | 500 |
| ४८ | मुचुल्का प्रमाणित | 300 |
| ४९ | गाउँपालिका क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिहरूको परिचयपत्र सम्बन्धी, आर्थिक अवस्था कमजोर भई निःशुल्क उपचार सम्बन्धी सिफारिस तथा प्राकृतिक प्रकोप सम्बन्धी सिफारिसहरूमा सिफारिस दस्तुर छुट दिईनेछ । | |

## अनुसूची- ४: आन्तरिक श्रोत प्रक्षेपण

विरुवा गाउँपालिकाको आर्थिक वर्ष २०७४/७५ का लागि आन्तरिक श्रोत तर्फको आम्दानी अनुमान

| सि.नं. | शीर्षक | आ.व. ०७४/७५ को प्रस्तावित अनुमान रू. हजारमा |
|---|---|---|
| १ | व्यवसाय दर्ता | १०० |
| २ | व्यवसायिक कर | २०० |
